## नयाँ संसद...

श्रम संस्कृतिका सांसद आरेन राईले पनि प्रधानमन्त्रीमाथि सत्तापक्षकै सांसदहरूको पनि प्रश्न रहेकाले उपस्थिति खोजे । राप्रपा संसदीय दलका नेता ज्ञानबहादुर शाहीले प्रधानमन्त्रीले संसद् छल्ने परम्परा बसाएमा प्रजातन्त्रको भविष्य नरहने बताए । सभामुख डोलप्रसाद अर्यालले कानुनबमोजिम प्रधानमन्त्रीले आफू आउन नसकेको पत्र व्यवस्थापिकामा पठाएको भन्दै बैठक सुचारु गर्न आग्रह गरे पनि बैठक सुचारु हुन सकेन ।

### नीति कार्यक्रमको छलफलमा सांसदहरूको बेवास्ता

नीति तथा कार्यक्रममाथि बिहीबार करिब ९ घन्टा निरन्तर छलफल चलेको थियो । संशोधनकर्ताहरूले आफ्नो संशोधनको बारेमा राखेका थिए भने दलीय आधारमा सांसदहरू छलफलमा पनि भाग लिएका थिए । तर, नीति तथा कार्यक्रममाथिको छलफलमा सांसदहरूको गाम्भीर्य देखिएन । छलफलका क्रममा सांसदहरू भित्र-बाहिर ओहोरदोहोर गरिरहे भने केही सांसदहरूले बैठक बंक पनि गरिरहेका थिए । कतिपय बेलामा सदनमा धेरै कुर्सी खाली भएको अवस्थामा पनि छलफल चलिरहेको थियो ।

### आरोप–प्रत्यारोप र समय मिच्ने परम्परा पनि निरन्तर

सांसदहरूलाई छलफलमा भाग लिन दलीय संरचना हेरेर ५ मिनेट र ३ मिनेटको समय तोकिएको थियो । तर, छलफलका क्रममा सांसदहरूले नीति तथा कार्यक्रमका बुँदाहरूमा मात्रै केन्द्रित भएर बोलेनन् । समसामयिक राजनीतिक अवस्थाप्रतिको आ-आफ्नो धारणा र आक्रोश राख्दा स्वाभाविक रूपमा समय अपुग भयो । अधिकांश सांसदले समय मिचेर अघि बढे । सभामुखले पटक-पटक छोट्याउन आग्रह गर्दा पनि मिचेरै थप समयको उपयोग गरे । विपक्षी दलका सांसदहरूले नीति तथा कार्यक्रममा खासै नयाँ केही नभएको र पुरानै कुराहरूको निरन्तरता भएको टिप्पणी गरिरहँदा सत्तारुढ सांसदहरू भने नीति कार्यक्रम र सरकारको बचाउमा उत्रिए । सत्तारुढ दलका सांसदहरू खासै आलोचनात्मक रूपमा प्रस्तुत हुन सकेनन् ।

### असंसदीय शब्द प्रयोग बढ्दो, रास्वपा उपनेताकै शब्द रेकर्डबाट हटाइयो

सत्तापक्ष र विपक्ष एकले अर्कालाई आरोप-प्रत्यारोप गर्ने शृंखला रोकिएको छैन । बुधबार बसेको बैठकमा सत्तारुढ रास्वपा संसदीय दलका उपनेता गणेश पराजुलीले 'भरौटे' शब्द प्रयोग गरेका थिए । त्यस्तै सोही बैठकमा उनले 'यहाँ लुगा लगाएर पनि नांगै हिँडेजस्तो गरी' भन्ने शब्दवाली पनि प्रयोग गरेका थिए । उनको सो अभिव्यक्तिप्रति श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले बैठकमै असन्तुष्टि जनाएका थिए । बिहीबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले उपनेता पराजुलीले नियमावलीविपरीत अभिव्यक्ति दिएको भन्दै सभाको अभिलेखबाट हटाउन निर्देशन दिए । नियमावलीको नियम २१ को खण्ड (घ) मा अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी बोल्न र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिंगलाई होच्याउने वा अरू कुनै किसिमले असर पर्ने गरी बोल्न र असंसदीय शब्द प्रयोग गर्न नहुने उल्लेख छ । यसअघि एमाले संसदीय दलका नेता रामबहादुर थापाले पनि असंसदीय शब्द बोलेपछि रेकर्डबाट हटाइएको थियो । सत्तापक्ष र विपक्ष आपसमा आक्रामक बन्दा असंसदीय शब्दको प्रयोग बढी हुन थालेको छ । नेताहरूको अभिव्यक्ति शैली र शीलस्वभावमा पुरानै संसद्को पुनरावृत्ति देखिन थालेको छ ।

## ६ हजार जना...

'पैतृक तथा आफ्नो पालामा आर्जित चल, अचल सम्पत्ति र त्यसका स्रोतहरू (तलब, भत्ता, विदेश भ्रमण, घर जग्गा, सेयर कारोबार, वित्तीय संस्थाबाट लिएको ऋण, कृषि, पशुपालन, व्यापार, व्यवसाय तथा विप्रेषणलगायतबाट प्राप्त आय तथा व्यय) र सो पुष्टि हुने कागजात,' आयोगले सूचनामा भनेको छ, 'आयोगबाट निर्धारित सम्पत्ति विवरण फारामसाथ ३० दिनभित्र आयोगमा आफैँ वा आफ्नो प्रतिनिधिमार्फत्, हुलाक वा आयोगको इमेल ठेगानामा दाखिला गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।' आयोगले पहिलो चरणमा आर्थिक वर्ष २०६२/६३ देखि आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म सार्वजनिक पदमा रहेका वा उक्त अवधिमा कार्यरत रही हाल अवकाश प्राप्त भएका राजनीतिक पदाधिकारी, कर्मचारी तथा उनीहरूका परिवारको सम्पत्ति छानबिन प्रक्रिया अघि बढाएको हो । तर, २०४८ सालदेखि २०६२/६३ पछिसम्म पनि सेवामा कार्यरत रहेको वा सो अवधिपछि सेवाबाट अवकाश पाएको भए पनि सम्पत्ति विवरण पेस गर्नुपर्ने आयोगले जनाएको छ । सम्पत्ति विवरण बुझाउनका लागि आयोगले १२ पृष्ठको फारामसमेत उपलब्ध गराएको छ ।

### सबै प्रधानमन्त्रीदेखि स्वकीयसम्मले विवरण बुझाउनुपर्ने

सूचनाअनुसार प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्री, संघीय सांसद र प्रदेशसभा सदस्य, संवैधानिक निकायका पदाधिकारी, न्यायाधीश, स्थानीय तहका प्रमुख-उपप्रमुख, अध्यक्ष-उपाध्यक्ष, निजामती कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, नेपाल राष्ट्र बैंक तथा सरकारी स्वामित्वका संस्थानका उच्च अधिकारीहरूले सम्पत्ति विवरण पेस गर्नुपर्नेछ । आयोगले तोकेको समयसीमाभित्र विवरण नबुझाउने र गलत विवरण पेस गर्ने व्यक्तिमाथि कानुनी कारबाही हुने आयोगले जनाएको छ । आयोगले सम्पत्ति विवरण माग गर्दा परिवारको परिभाषासमेत उल्लेख गरेको छ । जसमा सगोलमा रहेका पति, पत्नी, छोरा, अविवाहित छोरी, बुहारी, आफैँले पालनपोषण गर्नुपर्ने बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, नाति, नातिनी बुहारी, अविवाहिता नातिनी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, विधवा, सासू तथा ससुरासमेत रहने उल्लेख छ ।

### उजुरी दिन आयोगको आह्वान

स्वतः छानबिनको सूचीमा पर्ने वा सो सूचीमा नपर्ने अन्य जुनसुकै सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक पदाधिकारी तथा कर्मचारीले अस्वाभाविक वा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको देखिए जोकसैले पनि उजुरी दिन सक्ने आयोगले जनाएको छ । त्यस्ता व्यक्तिले आफू र आफ्ना परिवारका सदस्य वा आफन्त वा नाता सम्बन्ध नै नपर्ने अन्य व्यक्तिका नाममा स्वदेश तथा विदेशमा सम्पत्ति राखेको भन्ने कुनै सूचना, जानकारी वा प्रमाण भएमा जुनसुकै माध्यममार्फत् आयोगलाई उपलब्ध गराउन सकिने सूचनामा भनिएको छ । उजुरी गर्ने उजुरीकर्ताको विवरण गोप्य रहने प्रतिबद्धता आयोगले जनाएको छ ।

### ६ हजारको सम्पत्ति छानबिनको दायरामा आउने अनुमान

आयोगले औपचारिक रूपमा आफ्नो काम सुरु गरेसँगै ५ देखि ६ हजार व्यक्तिको सम्पत्ति विस्तृत रूपमा छानबिन गर्नुपर्ने हुनसक्ने आकलन गरेको छ । त्यस्तै, करिब २५ हजारले फाराम भर्ने र ३ देखि ४ हजारको संख्यामा उजुरी पर्ने पूर्वानुमान आयोगको गरेको छ । यसैका आधारमा र सरकारका विभिन्न निकाय तथा पूर्ववर्ती सरकारहरूका पालामा उठेका प्रश्नका आधारमा ६ हजार जनासम्मले बुझाएको सम्पत्ति विवरण विस्तृत रूपमा छानबिन गर्नुपर्ने हुनसक्ने आयोगका सदस्य एवं प्रवक्ता गणेश केसीले बताए । त्यस्तै, आयोगले गर्ने हरेक कामको विवरण सरकारलाई अद्यावधिक गर्दै आवधिक रूपमै बुझाउने तयारी गरेको छ । यसका लागि १ वर्षको कार्यअवधि नै नकुर्ने केसी बताउँछन् । 'विवरणसँगै उजुरी पनि आह्वान भएको छ । हामीलाई विवरण उपलब्ध हुनासाथ हामी त्यसमाथि काम सुरु गर्छौं,' केसीले भने, 'हामी प्रतिवेदन बुझाउन १ वर्षको समय कुर्दैनौं । आवधिक रूपमा महिना/पन्ध्र दिनमा भएका कामहरूको विवरण सरकारलाई बुझाउँछौं ।'

### क–कसलाई भनियो सम्पत्ति विवरण...

- प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,
- प्रदेशसभाका सदस्य तथा पदाधिकारी,
- महान्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ता,
- साविकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी,
- स्थानीय तहका बाहालवाला तथा पूर्वप्रमुख तथा उपप्रमुखहरू,
- नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारी,
- राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिको पदका निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानवअधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी,
- कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानवअधिकार सेवाको राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहका कर्मचारी,
- कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागको राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहका कर्मचारी,
- नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी,
- सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी,
- नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी,
- सरकारले अनुदान दिने विश्वविद्यालय, प्रतिष्ठानलगायत निकायका पदाधिकारी र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी,
- राष्ट्रपतिदेखि प्रदेशका सहायकमन्त्री तथा संवैधानिक निकायका पदाधिकारीले नियुक्त गरेका सल्लाहकार, स्वकीय सचिव वा कर्मचारीहरू

## मूल्य अकासिएको...

महासंघका निवर्तमान अध्यक्ष रवि सिंहले मध्यपूर्वको युद्धका कारण पेट्रोलियम पदार्थको मूल्य अत्यधिक रूपमा बढ्नुको साथै बिटुमिनलगायत निर्माण सामग्रीको अभाव तथा अत्यधिक महँगो भएको बताए । उनले भने, 'त्यो युद्ध हुनुअघि ८५ रुपैयाँ प्रतिकेजी रहेको बिटुमिनको मूल्य अहिले १८५ रुपैयाँ पुगेको छ । त्यस्तै, डिजेलको मूल्य बढ्दा इम्प्याक्ट निर्माण सामग्रीहरूको मूल्य लगभग ६० प्रतिशत जति बढेको छ ।'

उनका अनुसार मध्यपूर्व युद्धका कारण नेपालको निर्माण उद्योगमा ३० प्रतिशत दायित्व थपिएको छ । सिंहले भने, 'आर्थिक असरचाहिँ ३० प्रतिशतभन्दा बढी पर्ने र सामग्री उपलब्ध नहुने हो भने हामीले निर्माण गतिविधि अघि बढाएर सप्लाई चेनलाई, मजदुरलाई भुक्तानी गर्न नसक्ने अवस्था आइसकेपछि तत्कालै सरकारलाई यो कुरा अवगत गराएका थियौं । वर्तमान सरकारले पनि १५ दिनभित्रमा मूल्य समायोजन गराइदिन्छौं भनेको थियो । तर, ५ हप्ता बितिसक्यो, समायोजनको काम भएन । त्यसकारण पनि बाध्य भएर हामी यो सबै काम रोक्न चाहेर-नचाहेर बन्द भइरहेको छ ।'

निर्माण व्यवसायीले सरकारले योजना पहिचान गरेर यही वर्ष कार्यान्वयन गर्नुपर्ने योजना सञ्चालन गर्ने र त्यसलाई आवश्यक पर्ने निर्माण सामग्री उपलब्ध गराउनलाई सहजीकरण गर्नुपर्ने माग गरेका छन् । त्यस्तै, सरकारले महँगिएको मूल्य कभर गरेर निर्माण कार्य सहज रूपमा सञ्चालन गर्न सहयोग गर्नुपर्ने व्यवसायीको माग छ । भारतले बिटुमिन निर्यात बन्द गरेकाले जिटुजी र कूटनीतिक पहल गरेर खरिद गर्नुपर्ने निवर्तमान अध्यक्ष सिंहले बताए । उनले भने, 'भारत सरकारसँग नेपाल सरकारले खरिद गरेर ल्याउँदा समस्या समाधान हुन्छ ।' सिंहले अघिल्ला वर्षहरूमा ५५-६० प्रतिशत पुँजीगत खर्च हुने गरेकामा यस वर्ष ३५-४० प्रतिशतको हाराहारी मात्र पुग्ने दाबी गरे ।

## यस वर्षको...

बैठकले 'पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३' लाई पनि परिमार्जनसहित स्वीकृत गरेको छ । यस कार्यढाँचामा पूर्वानुमानका आधारमा विपद् आउनुअघि नै प्रभावित समुदायको सहभागितामा पूर्वकार्य गरी सम्भावित क्षति न्यूनीकरण गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी, 'विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१' का केही दफा तथा उपदफामा संशोधन गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६।०१।१२ मा दर्ता भएको **प्रा.लि. नं. २१३८५९** को **ला पिज्जा पोइन्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८१।१२।१४ मा दर्ता भएको **प्रा.लि. नं. ३६४०६५** को **होटल कोजि होम एण्ड थकाली भान्छा प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७।१०।०५ मा दर्ता भएको **प्रा.लि. नं. २५३०१७** को **मम् एण्ड सन्स फार्म हाउस प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०८२।०८।१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३।०८।१९ मा दर्ता भएको **प्रा.लि. नं. १५९४७८** को **हट लिप्स रेस्ट्रो लाउन्ज बार प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## भुल सुधार गरिएको सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०२/०१**

यस किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको मितिः २०८३/०१/२५ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा **"धितोमा रहेको अचल सम्पत्ति (घर/जग्गा) गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचनाको शिर्षकमा दोस्रो पटक सूचना बिवरणको सातौं र आठौं पक्तीमा १५ (पन्ध्र) १५ (पन्ध्र) र दशौं पक्तिमा १६ (सोह्र) औं दिन त्यस्तै गरी शर्तहरूको बुँदा नं २ र बुदाँ नं ७ मा कमशः १५ र १६ औं दिन"** हुनुपर्नेमा अन्यथा हुन गएकोले यो भुल सुधारको सूचना प्रकाशित गरिएको जानकारी गराउदछौ ।

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

**केन्द्रीय कार्यालय :**
लम्कीचुहा न.पा.-१, लम्की, कैलाली
फोन नं. ०९१-५४०४२६, ५४०४८६, १६६०९११७३३३
www.kisancoop.com, info@kisancoop.com

---

**अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लिमिटेडको**
कामनपा-९, बत्तिसपुतली, काठमाण्डौं
फोन नं. ०१-४०११०२६

**नवौ बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८३।०२।०१**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८३।०१।०६ मा बसेको सञ्चालक समितिको बैठकका निर्णय बमोजिम यस कम्पनीको बार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान**

**मिति :** २०८३ जेठ ०७ गते बिहीवार
**समय :** विहान ११ बजे
**स्थान :** होटल इम्पेरियल प्राईभेट लिमिटेड, कामनपा-९, बत्तिसपुतली, काठमाडौं ।

**छलफलका बिषयहरु**

**क) सामान्य प्रस्ताव**

१) सञ्चालक समितिको आ.व. ०८१।०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) आर्थिक वर्ष ०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलत तथा नाफा नोक्सान हिसाब पारित गर्ने ।
३) आ.व.०८२।०८३ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४) आ.व.०८२।०८३ को लागि बार्षिक कार्ययोजना पारित गर्ने ।
५) आर्थिक वर्ष ०८१।०८२ को संचित मुनाफाबाट चुक्ता पुंजीको १.९९ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताब पारित गर्ने ।
६) सञ्चालकहरुको बैठक भत्ता तोक्ने ।

**ख) विविध ।**

---

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना १ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : बिराटनगर शाखा** — **कर्जा शीर्षक : आवास कर्जा**

| ऋणीको विवरण |
|---|
| शिव प्रसाद पोखरेलको नाति भिम प्रसाद पोखरेलको छोरा सप्तरी जिल्ला रुपनगर गा.वि.स. वडा नं. ८ हाल, मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. ४ बस्ने **प्रकाश प्रसाद पोखरेल** (ना.प्र.नं. : ८०१६१६७ जारी मिति र जिल्ला : २०४४/०५/३०, सप्तरी) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) गोविन्द प्रसाद निरौलाको छोरी भिम प्रसाद पोखरेलको बुहारी प्रकाश प्रसाद पोखरेलको पत्नी सप्तरी जिल्ला रुपनगर वडा नं. ६ हाल, मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. ४ बस्ने **पुजा निरौला** (ना.प्र.नं. : ६८८९/२२३२ जारी मिति र जिल्ला : २०५४/०८/१५, सप्तरी) |
| २) भिम प्रसाद पोखरेलको नाति प्रकाश प्रसाद पोखरेलको छोरा सप्तरी जिल्ला रुपनगर वडा नं. ८ हाल, मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. ४ बस्ने **सृजन पोखरेल** (ना.प्र.नं. : ५५५५६ जारी मिति र जिल्ला : २०६९/०६/०९, सुनसरी) |
| ३) भिम प्रसाद पोखरेलको नाति प्रकाश प्रसाद पोखरेलको छोरा मोरङ्ग जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. ५ हाल, बिराटनगर म.न.पा. वडा नं. ४ बस्ने **सम्मान पोखरेल** (ना.प्र.नं. : ०५-०१-७४-००६५६ जारी मिति र जिल्ला : २०७४/०१/२१, मोरङ्ग) |
| ४) टिकाराम अधिकारीको छोरी प्रकाश प्रसाद पोखरेलको बुहारी सृजन पोखरेलको पत्नी मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. ४ बस्ने **लिला अधिकारी (पोखरेल)** (ना.प्र.नं. : ०५-०१-७६-१०८०३ जारी मिति र जिल्ला : २०७६/०८/२२, मोरङ्ग) |

**२) शाखा कार्यालय : ईनरुवा शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| चुनी यादवको छोरी बलराम यादवको बुहारी सुर्य नारायण यादवको पत्नी सुनसरी जिल्ला इनरुवा वडा नं. ७ हाल, इनरुवा न.पा. वडा नं. २ बस्ने **पार्वती देवी यादव** (ना.प्र.नं. : ६३८४/७३८४ जारी मिति र जिल्ला २०५४/०५/२९ ,सुनसरी) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) बलराम यादवको नाति सुर्य नारायण यादवको छोरा सुनसरी जिल्ला इनरुवा वडा नं. ७ हाल, इनरुवा न.पा. वडा नं. २ बस्ने **महेन्द्र कुमार यादव** (ना.प्र.नं. : ११०७२६/२१०७२६ जारी मिति र जिल्ला २०६३/०३/०८ ,सुनसरी) |
| २) बलराम यादवको नाति सुर्य नारायण यादवको छोरा सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ७ हाल, वडा नं. २ बस्ने **गोपाल यादव** (ना.प्र.नं. : ०६१०३७/१३८२४३ जारी मिति र जिल्ला २०६६/०२/२५, सुनसरी) |
| ३) श्री कृष्ण खडकाको नाति राम कृष्ण खडकाको छोरा चितवन जिल्ला गुन्जनगर वडा नं. ४ हाल, सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ३ बस्ने **अमृत क्षेत्री** (ना.प्र.नं. : २०२८/०५६ जारी मिति र जिल्ला २०५६/१०/०३, सुनसरी) |

**३) शाखा कार्यालय : ईनरुवा शाखा** — **कर्जा शीर्षक : लघुउधम कर्जा**

| ऋणीको विवरण |
|---|
| चुनी यादवको छोरी बलराम यादवको बुहारी सुर्य नारायण यादवको पत्नी सुनसरी जिल्ला इनरुवा वडा नं. ७ हाल, इनरुवा न.पा. वडा नं. २ बस्ने **पार्वती देवी यादव** (ना.प्र.नं. : ६३८४/७३८४ जारी मिति र जिल्ला २०५४/०५/२९, सुनसरी) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) बलदेव यादवको नाति बलराम यादवको छोरा सुनसरी जिल्ला इनरुवा वडा नं. ७ हाल, इनरुवा न.पा. वडा नं. २ बस्ने **सुर्य नारायण यादव** (ना.प्र.नं. : ४१५/१७०५१ जारी मिति र जिल्ला २०४५/०२/०९ ,सुनसरी |
| २) बलराम यादवको नाति सुर्य नारायण यादवको छोरा सुनसरी जिल्ला इनरुवा वडा नं. ७ हाल, इनरुवा न.पा. वडा नं. २ बस्ने **श्याम सुन्दर यादव** (ना.प्र.नं. : ०६-०१-७०/०५७६३ जारी मिति र जिल्ला २०७०/०५/१६, सुनसरी) |
| ३) बलराम यादवको नाति सुर्य नारायण यादवको छोरा सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ७ हाल, वडा नं. २ बस्ने **महेन्द्र कुमार यादव** (ना.प्र.नं. : ११०७२६/२१०७२६ जारी मिति र जिल्ला २०६३/०३/०८, सुनसरी) |
| ४) बलराम यादवको नाति सुर्य नारायण यादवको छोरा सुनसरी जिल्ला इनरुवा.न.पा. वडा नं. ७ हाल, वडा नं. २ बस्ने **गोपाल यादव** (ना.प्र.नं. : ०६१०३७/१३८२४३ जारी मिति र जिल्ला २०६६/०२/२५, सुनसरी) |
| ५) ललित बहादुर मल्लको नाति नेत्र बहादुर मल्लको छोरा सुनसरी जिल्ला इनरुवा वडा नं. १ हाल, इनरुवा न.पा. वडा नं. ३ बस्ने **रइस मल्ल** (ना.प्र.नं. : ०६६४०८३/६५०८३ जारी मिति र जिल्ला २०५८/०८/०७, सुनसरी) |

**४) शाखा कार्यालय : इटहरी शाखा** — **कर्जा शीर्षक : साना व्यक्तिगत आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| लाल बहादुर भण्डारीको छोरी मान बहादुर अधिकारीको बुहारी चन्द्र बहादुर अधिकारीको पत्नी मोरङ्ग जिल्ला कसेनी वडा नं. ४ हाल, बेलवारी न.पा. वडा नं. ५ बस्ने **दुर्गामाया अधिकारी** (ना.प्र.नं. : ०५-०१-७०-२२९७४ जारी मिति र जिल्ला : २०७०/११/२६, मोरङ्ग) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) गुण बहादुर अधिकारीको नाति मान बहादुर अधिकारीको छोरा संखुवासभा जिल्ला खराङ्ग वडा नं. ६ हाल, मोरङ्ग जिल्ला बेलवारी न.पा. वडा नं. ५ बस्ने **चन्द्र बहादुर अधिकारी** (ना.प्र.नं. : ११८११/१०४८ जारी मिति र जिल्ला २०६३/०७/२२, संखुवासभा) |
| २) भक्त बहादुर श्रेष्ठको नाति चन्द्र बहादुर श्रेष्ठको छोरा मोरङ्ग जिल्ला लेटाङ्ग वडा नं. ६ हाल, बेलवारी न.पा. वडा नं. ५ बस्ने **गणेशबहादुर श्रेष्ठ** (ना.प्र.नं. : ०५३०५२/८३० जारी मिति र जिल्ला : २०६३/११/२६, मोरङ्ग) |

**५) शाखा कार्यालय : काकरभिट्टा शाखा** — **कर्जा शिर्षक : आवधिक मोटगेज कर्जा**

| ऋणीको विवरण |
|---|
| धनपती संग्रौलाको नाति गोपाल प्रसाद संग्रौलाको छोरा झापा जिल्ला धाइजन वडा नं. ६ हाल, मेचीनगर न.पा. वडा नं.१२ बस्ने **विकाश संग्रौला** (ना.प्र.नं. : ०४१००४/३३९ जारी मिति र जिल्ला : २०६५/०९/०२, झापा) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) विनोद कुमार तिवारीको छोरी गोपाल प्रसाद संग्रौलाको बुहारी विकाश संग्रौलाको पत्नी झापा जिल्ला मेचीनगर न.पा. वडा नं. १२ बस्ने **सुस्मा तिवारी संग्रौला** (ना.प्र.नं. : ०४-०१-७७-०२१२१ जारी मिति र जिल्ला : २०७७/०६/१८, झापा) |
| २) भिम प्रसाद मैनालीको छोरी धनपती संग्रौलाको बुहारी गोपाल प्रसाद संग्रौलाको पत्नी झापा जिल्ला धाइजन वडा नं. ६ हाल, मेचीनगर न.पा. वडा नं. १२ बस्ने **गिता संग्रोला** (ना.प्र.नं. : ३२३३९९ जारी मिति र जिल्ला : २०४६/०१/२९, झापा) |

**६) शाखा कार्यालय : दमक शाखा** — **कर्जा शीर्षक : महिला उद्यमशील कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **जायेल कृषि तथा पशुपंछी फर्म** उद्योमीको नाम : अस्मिता चेम्जोङ्ग उद्योग दर्ता नं. : ४६६३/०७७/०७८<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७७/०९/०७<br>रजिष्टर्ड ठेगाना : इलाम जिल्ला चुलाचुली गा.पा. वडा नं. १ स्थायी लेखा नं. : ६१४५७३२८८ |

| उद्योमीको विवरण |
|---|
| मान बहादुर लामाको बुहारी दोर्जे लामाको पत्नी झापा जिल्ला डाँगीवारी वडा नं. ८ हाल, इलाम जिल्ला चुलाचुली गा.पा वडा नं. १ बस्ने **अस्मिता चेम्जोङ** (ना.प्र.नं. : ०४३०१७/३४१ जारी मिति र जिल्ला : २०७०/०२/०४, झापा) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) मन बहादुर लामाको नाति मान बहादुर लामाको छोरा झापा जिल्ला चकचकी वडा नं. ७ हाल, इलाम जिल्ला चुलाचुली गा.पा. वडा नं. १ बस्ने **दोर्जे लामा** (ना.प्र.नं. : ०४१०२१/११४ जारी मिति र जिल्ला : २०६४/१२/०४, झापा) |
| २) मन बहादुर लामाको नाति मान बहादुर लामाको छोरा झापा जिल्ला चकचकी वडा नं. ७ हाल, इलाम जिल्ला चुलाचुली गा.पा वडा नं. १ बस्ने **तिलबहादुर लामा तामाङ** (ना.प्र.नं. : ०३/२०३५ जारी मिति र जिल्ला : २०६२/१०/१२, झापा) |
| ३) भिम प्रसाद जवेगुको बुहारी गोपाल जवेगुको पत्नी इलाम जिल्ला चुलाचुली गा.वि.स. वडा नं. १ हाल, चुलाचुली गा.पा. वडा नं. १ बस्ने **चित्र जवेगु** (ना.प्र.नं. : ०३-३२-७२-००२७१ जारी मिति र जिल्ला : २०७२/०९/१०, इलाम) |

**७) शाखा कार्यालय : काकरभिट्टा शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| धनपती संग्रौलाको नाति गोपाल प्रसाद संग्रौलाको छोरा झापा जिल्ला धाइजन वडा नं. ६ हाल, मेचीनगर न.पा. वडा नं. १२ बस्ने **विकाश संग्रौला** (ना.प्र.नं. : ०४१००४/३३९ जारी मिति र जिल्ला : २०६५/०९/०२, झापा) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| भिम प्रसाद मैनालीको नाति धनपती संग्रौलाको बुहारी गोपाल प्रसाद संग्रौलाको पत्नी झापा जिल्ला धाइजन वडा नं. ६ हाल, मेचीनगर न.पा. वडा नं. १२ बस्ने **गिता संग्रोला** (ना.प्र.नं. : ३२३३९९ जारी मिति र जिल्ला : २०४६/०१/२९, झापा) |

**८) शाखा कार्यालय : काकरभिट्टा शाखा** — **कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा**

| ऋणीको विवरण |
|---|
| मुक्तीनाथ पोखेलको नाति जीवनाथ पोखेलको छोरा झापा जिल्ला बाहुन्डागी गा.वि.स. वडा नं. ५ हाल, मेचीनगर न.पा. वडा नं. ३ बस्ने **नेत्र प्रसाद पोखेल** (ना.प्र.नं. : ०५३१९२६५ जारी मिति र जिल्ला : २०४६/०२/३१, झापा) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) तारानिधि खनालको छोरी जीवनाथ पोखेलेको बुहारी नेत्र प्रसाद पोखेलको पत्नी झापा जिल्ला वाहुण्डागी वडा नं. ५ हाल, मेचीनगर न.पा. वडा नं. ३ बस्ने **राधिका पोखेल** (ना.प्र.नं. : ०४३००१/६३४ जारी मिति र जिल्ला : २०६३/११/०१, झापा) |
| २) जीवनाथ पोखेलको नाति नेत्र प्रसाद पोखरेलको छोरा झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ३ हाल, मेचिनगर न.पा. वडा नं. ३ बस्ने **राकेश पोखरेल** (ना.प्र.नं. : ०४-०१-७४-०२२९३ जारी मिति र जिल्ला : २०७४/०२/२३, झापा) |
| ३) पदम बहादुर अधिकारीको नाति चित्र बहादुर अधिकारीको छोरा झापा जिल्ला वाहुण्डागी वडा नं. ५ हाल, मेचीनगर न.पा. वडा नं. ३ बस्ने **महेश अधिकारी** (ना.प्र.नं. : ०४३००१/७९० जारी मिति र जिल्ला : २०६३/११/०२, झापा) |

**९) शाखा कार्यालय : काकरभिट्टा शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| रघुनाथ काफ्लेको नाति लक्ष्मी प्र.काफ्लेको छोरा झापा जिल्ला बाहुनडागी वडा नं. ५ हाल, मेचीनगर न.पा. वडा नं. १३ बस्ने **जीवन कुमार काफ्ले** (ना.प्र.नं. : ०५३१९१८६ जारी मिति र जिल्ला : २०४४/१२/०८, झापा) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) जीवनाथ पोखेलको छोरी लक्ष्मी प्र.काफ्लेको बुहारी जीवन कुमार काफ्लेको पत्नी झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ३ हाल, वडा नं. १३ बस्ने **गिता काफ्ले** (ना.प्र.नं. : ०४३००१/६३१ जारी मिति र जिल्ला : २०६३/११/०१, झापा) |
| २) जीवनाथ पोखेलको नातिनी नेत्र प्रसाद पोखेलको छोरी झापा जिल्ला मेचिनगर ना.पा वडा नं. ३ बस्ने **रोजा पोखेल** (ना.प्र.नं. : ०४-०१-७८-०५५६९ जारी मिति र जिल्ला : २०७८/०७/२३, झापा) |
| ३) जीवनाथ पोखेलको नाति मोहन प्रसाद पोखेलको छोरा झापा जिल्ला मेचिनगर ना.पा वडा नं. ३ बस्ने **अनुराग पोखेल** (ना.प्र.नं.: ०४-०१-८०-१८१४२ जारी मिति र जिल्ला : २०८०/११/१६, झापा) |

**१०) शाखा कार्यालय : काकरभिट्टा शाखा** — **कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा**

| ऋणीको विवरण |
|---|
| जीवनाथ पोखेलको छोरी लक्ष्मी प्र.काफ्लेको बुहारी जीवन कुमार काफ्लेको पत्नी झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ३ हाल, वडा नं. १३ बस्ने **गिता काफ्ले** (ना.प्र.नं. : ०४३००१/६३१ जारी मिति र जिल्ला : २०६३/११/०१, झापा) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) रघुनाथ काफ्लेको नाति लक्ष्मी प्र.काफ्लेको छोरा झापा जिल्ला बाहुनडागी वडा नं. ५ हाल, मेचीनगर न.पा. वडा नं. १३ बस्ने **जीवन कुमार काफ्ले** (ना.प्र.नं. : ०५३१९१८६ जारी मिति र जिल्ला : २०४४/१२/०८, झापा) |
| २) लक्ष्मी प्र.काफ्लेको नाति जीवन कुमार काफ्लेको छोरा झापा जिल्ला मेचिनगर न.पा वडा नं. ३ हाल, वडा नं. १३ बस्ने **सुब्रत काफ्ले** (ना.प्र.नं.:०४-०१-७७-०२५५२ जारी मिति र जिल्ला : २०७७/०६/२६, झापा) |
| ३) बम बहादुर सुब्बाको नाति थिल बहादुर सुब्बाको छोरा झापा जिल्ला भद्रपुर न.पा वडा नं. १ हाल, भद्रपुर न.पा. वडा नं. १ बस्ने **राजेस सुब्बा** (ना.प्र.नं. : ०४३०२३/२०३६ जारी मिति र जिल्ला : २०६३/११/०८, झापा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ